# बलात्कारको घटनामा कडाभन्दा कडा कानुन बनाउनुपर्नेमा सांसदहरूको जोड

## १० वर्षमुनिका बालिका बलात्कार गर्नेलाई मृत्युदण्ड दिन माग



**हिमालय टाइम्स**

**काठमाडौं, ८ असार**

बलात्कारको घटनामा कडाभन्दा कडा कानुन बनाउनुपर्नेमा सांसदहरूले जोड दिएका छन् । बुधबार प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै सांसदहरूले बलात्कारको घटना दिनप्रतिदिन बढिरहेको र पीडितले न्याय नपाउने गरेको उल्लेख गर्दै कडाभन्दा कडा कानुनी व्यवस्था हुनुपर्ने बताएका हुन् । समिति बैठकमा 'यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' र 'फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक'माथि संशोधन हाल्ने सांसदहरूले बलात्कारको घटनामा कानुनी दायरालाई कडाइ गर्नुपर्ने बताएका हुन् ।

नेकपा (माओवादी केन्द्र) की सांसद पूर्णकुमारी सुवेदीले १० वर्षभन्दा कम उमेरको बालिकालाई बलात्कार गर्नेलाई मृत्युदण्ड दिइनुपर्ने बताउनुभयो । उहाँले त्यसो गर्न नसकेको खण्डमा सजाय र जरिवानलाई निकै कडा बनाउनुपर्ने बताउनुभयो । उहाँले कानुन बनाए पनि कार्यान्वयन फितलो हुने गरेको उल्लेख गर्दै कानुन कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो ।

यस्तै, नेकपा (माओवादी केन्द्र) की सांसद रेखा शर्माले विवाहपछि दाइजोको नाममा गरिने हिंसालाई पनि यौनजन्य हिंसाको रूपमा लिनुपर्ने बताउनुभयो । उहाँले बलात्कारको घटनामा मिलापत्र गराइनु आपत्तिजनक कुरा भएको भन्दै मिलापत्र गराउनेलाई पनि सजायको दायरा बढाउनुपर्ने बताउनुभयो । उहाँले बलात्कारपीडित नाबालिकाको हकमा १८ वर्ष पुगेपछि कम्तीमा पाँच वर्षसम्म उजुरी दिन सकिने व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै, नेकपा (माओवादी केन्द्र) की सांसद अमृता थापाले अपराधीलाई काराबासभित्र पनि श्रम शिविरमा राख्नुपर्ने धारणा राख्नुभयो । बलात्कारको घटना न्यूनीकरण गर्न संस्थागत सुधार गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । अपराध गर्नुहुँदैन भन्ने विषयमा तल्लो तहदेखि नै शिक्षा दिनुपर्ने उहाँको भनाइ थियो । बलात्कार घटनाको मतियारलाई गरिने कारबाहीको दायरा पनि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

त्यसैगरी, नेपाली कांग्रेसकी सांसद पुष्पा भुसालले बलात्कारको घटनामा उजुरी लिन हदम्याद राख्नु नहुने बताउनुभयो । हदम्याद राख्दा अपराधीहरू एउटा घटनाबाट उम्किनासाथ अर्को घटनामा संलग्न हुने उहाँको भनाइ थियो । उहाँले कानुनी व्यवस्था कडा हुँदा पनि बलात्कारको घटना न्यूनीकरण नभएको र अपराधी निरुत्साहित हुन नसकेको भन्दै हदम्याद हटाएमा घटना कम हुँदै जाने उल्लेख गर्नुभयो ।

त्यस्तै, नेपाली कांग्रेसकी सांसद डिला संग्रौलाले बलात्कारको घटनामा उजुरी दिन सकिने विद्यमान कानुनी व्यवस्थाको समयसीमा अपर्याप्त रहेको बताउनुभयो । बलात्कारको घटना मानवताविरोधी, हिंस्रक र जघन्य अपराध भएकाले यस्तो घटनालाई सीमाको घेराभित्र राख्नु नहुने उहाँको भनाइ छ । उहाँले यौन हिंसाको सुनुवाइ गर्ने द्रुत न्याय प्रणाली हुनुपर्ने बताउनुभयो ।

यसैगरी, नेपाली कांग्रेसकी सांसद रंगमती शाहीले बलात्कारको घटनामा पीडित बालिकाहरूले लामो समयसम्म घटना सार्वजनिक गर्न नसक्ने भन्दै उनीहरूका लागि उजुरी गर्न लामो समय उपलब्ध हुनुपर्ने बताउनुभयो । उहाँले बलात्कारको झुठो उजुरी दिने र पछि फिर्ता लिनेलाई पनि सजायको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै, नेकपा (एमाले)का सांसद झपट रावलले बलात्कारको विषयलाई वर्गीकरण गरेर हेर्नुपर्ने बताउनुभयो । उहाँले विभिन्न उमेर समूह र प्रकृतिअनुसार बलात्कारको घटनालाई वर्गीकरण गर्दै सोही अनुरूपको कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभयो । उहाँले यौन हिंसाको घटनामा बालिकाहरू मात्रै नभई बालकहरू पनि पीडित हुने भन्दै पीडित बालकहरूलाई समेत सम्बोधन हुने गरी कानुन बन्नुपर्ने बताउनुभयो ।

# सिडिओ कार्यालय धनुषाका तत्कालीन नासुविरुद्ध करिब अढाइ करोडको भ्रष्टाचार मुद्दा दायर




**हिमालय टाइम्स**

**काठमाडौं, ८ असार**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला प्रशासन कार्यालय धनुषामा कार्यरत तत्कालीन नायव सुब्बा गणपति झाविरुद्ध दुई करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँ ५१ पैसा बिगो कामय गरी भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार बुधबार झाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको हो । अख्तियारका अनुसार ९ मंसिर २०३९ मा गाविस सचिवबाट सार्वजनिक सेवामा प्रवेश गरेका भण्डारीले ०७८ साउनमा अवकाश पाएका थिए ।

झाको कुल सम्पत्तिमध्ये दुई करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँ ५१ पैसाको वैधानिक स्रोत खुल्न नसकेको अख्तियारको ठहर छ । सोही कारण उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । दुई करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँ र ५१ पैसा बराबरको खर्च तथा लगानी (सम्पत्ति) को वैधानिक स्रोत खुल्न नआएको हुँदा निज गणपति झाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सोही दफा १५ ले लक्षित गरेको सोही ऐनको दफा ३ एवं सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको,' अख्तियारले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# राज्यमन्त्री वलीमाथि छानबिन गर्न गठित समिति दाङमा

**विवेक खड्का/हिटा**

**दाङ, ८ असार**

एक महिला र उहाँकी नाबालिक छोरीलाई घरभित्रै प्रवेश गरी कुटपिट गरेपछि विवादित बनेकी लुम्बिनीकी स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री विमला वलीमाथि छानबिन गर्न गठित कार्यदलका पदाधिकारीहरू दाङको तुलसीपुरमा आएका छन् । जेठ ३१ गते बिहान दाङको तुलसीपुर उपमहानगरपालिका-५ आलुमण्डीकी मीना भण्डारी बस्नेत र उहाँकी नाबालक छोरीमाथि राज्यमन्त्री वलीले घरभित्र पसेर कुटपिट गर्नुका साथै सामान फालेको आरोप लागेको छ ।

उक्त घटना बाहिरिएपछि प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री तिलकराम शर्मासहितको टोली असार ७ गते बेलुका घटना अध्यनका लागि तुलसीपुर आएको छ । प्रदेश सरकारको असार १ गते बसेको मन्त्रिपरिषद् बैठकले राज्यमन्त्री वलीमाथि लागेको आरोपबारे सत्यतथ्य छानबिन गर्न कार्यदल गठन गरेको थियो । त्यस कार्यदलमा महिला, बालबालिका तथा कानुनमन्त्री रमा घर्ती मगर र मुख्य न्यायाधीवक्ता श्रीकृष्ण सुवेदी सदस्य हुनुहुन्छ ।

घटनालगत्तै प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । सोही दिन राति नै मुख्यमन्त्री कुलप्रसाद केसीको निर्देशनमा राज्यमन्त्री वलीलाई बुटवल पुऱ्याइएको थियो । त्यसपछि वलीको स्वास्थ्यमा समस्या आएको भन्दै सोही



दिन मध्य रातिदेखि नै उनी लुम्बिनी प्रदेश अस्पतालमा उपचारका लागि भर्ना भएकी थिइन् । आफू र छोरीमाथि भएको दुर्व्यवहार तथा कुटपिटपछि पीडित मीना बस्नेतले इलाका प्रहरी कार्यालयमा उजुरी दिनुभएको थियो ।

घरभित्र पसेर आफू र छोरीमाथि कुटपिट भएको तथा दराज फोरेर लत्ताकपडा फाल्ने र च्यात्ने गरेको हुँदा राज्यमन्त्री वलीमाथि कारबाहीको माग मीनाले गर्नुभएको छ । गत भदौमा मीनाका श्रीमान् तथा वाइसिएलका नेता एकराज बस्नेत र राज्यमन्त्री वली बीचको प्रेम सम्बन्ध रहेको कुरा सार्वजनिक भएको थियो । यद्यपि, पछिल्लो समय राज्यमन्त्री वलीले आफूले एकराजलाई सापटीबापत दिएको रकम लिन उनको घरमा जाँदा आफूलाई षड्यन्त्रपूर्वक फसाउन खोजेको भन्दै बचाउ गर्दै आएकी छन् । झण्डावाल गाडी र आफ्नो बडी गार्डसहित पुगेकी राज्यमन्त्री वलीले त्यहाँ एकराजलाई फेला नपारेपछि उनकी श्रीमती र छोरीमाथि दुर्व्यवहार गरेकी थिइन् ।

# रानीमहलबाट आम्दानी गर्दै स्थानीय सरकार



**रामचन्द्र रायमाझी/हिटा**

**पाल्पा, ८ असार**

नेपालको ताजमहल र प्रेमको प्रतीकका रूपमा परिचित ऐतिहासिक पर्यटकीय स्थल हो पाल्पाको रानीमहल दरबार । यहाँ देश विदेशबाट थुप्रै पर्यटकहरू आउने गर्दछन् । आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण केन्द्रको रूपमा रानीमहल दरबार रहेको छ । यो दरबारको उचित प्रयोग गर्न नसक्दा वर्षौंदेखि यहाँबाट हुने लाखौं आम्दानी खेर गएको थियो । पर्यटकीय क्षेत्र आम्दानीको गतिलो माध्यम पनि हो । यही माध्यमलाई अहिले पाल्पाको तानसेन नगर सरकारले आफ्नो गतिलो आम्दानीको स्रोत बनाएको छ । वर्षौंदेखि प्रयोगविहीन अवस्थामा रहेको रानीमहल दरबारलाई व्यवस्थित गरी नगर सरकारले अहिले मनग्य आम्दानी गर्न थालेको छ ।

आन्तरिक स्रोत पहिचान गर्न नसक्दा अधिकांश स्थानीय सरकारहरू प्रदेश र संघीय सरकारको बजेटमै निर्भर बनिरहेका बेला तानसेन नगर सरकारले भने पर्यटकीय क्षेत्रबाट आम्दानी गर्न थालेको हो । नगर सरकारले रानीमहलमा आउने पर्यटकहरूबाट शुल्क उठाएर आम्दानी गर्न थालेको छ । रानीमहल दरबार अवलोकन गर्न पुग्ने पर्यटहरूबाट प्रवेश शुल्क उठाउने गरिएको छ । पाँच महिनाको अवधिमा नगर सरकारले रानीमहल दरबारमा पर्यटक शूल्कबाट मात्र १७ लाख २६ हजार ५२० रूपैयाँ आम्दानी गरेको छ । उसले माघ महिनामा मात्र एक लाख ७७ हजार ७२०, फागुन महिनामा तीन लाख ६२ हजार पाँच सय, चैत महिनामा तीन लाख २८ हजार पाँच सय, वैशाख महिनामा चार लाख ७६ हजार तीन सय र जेठ महिनामा तीन लाख ८१ हजार पाँच सय आम्दानी गर्न सफल भएको नगरपालिका राजस्व शाखा प्रमुख मधुसूदन घर्तिले बताउनुभयो ।

कोरोना संक्रमणको कारण दुई वर्षसम्म बन्द अवस्थामा रहेको रानीमहलमा नगरपालिकाले पर्यटकलाई चाहिने आवश्यक पूर्वाधार निर्माणसँगै २०७८ माघ १ गतेदेखि पुन: सञ्चालनमा ल्याएको थियो । रानीमहल दरबारलाई पुरातत्त्व विभागले १० वर्षसम्मका लागि रेखदेख तथा संरक्षणको जिम्मा तानसेन नगरपालिकालाई दिएको थियो । नगर सरकारले पर्यटकका लागि रानीमहल दरबार अवलोकनको लागि विहान ८ बजेदेखि ५ बजेसम्म खुला गर्ने व्यवस्था मिलाएको छ । उसले आवश्यकताअनुसार रातीमा समेत उक्त दरबार अवलोकनका लागि व्यवस्था गरेको छ । कोभिडको कारण कुरूप अवस्थामा पुगेको रानीमहल दरबार नगर सरकारको वातावरण तथा सरसफाइ शाखाका प्रमुख शंकर भण्डारीको संयोजकत्वमा सरसफाइदेखि पर्यटकीय पूर्वाधार निर्माण गरी माघ १ गतेदेखि औपचारिक रूपमा सबैका लागि खुला गरिएको थियो ।

कुरूप बनेको रानीमहल अहिले हेर्ने लायक बनेको छ । जंगली अवस्थामा पुगेको रानीमहल पूर्ण रूपमा सरसफाइ गरी हेर्न लायक भएको हो । रानीमहल दरबारमा तानसेन नगरपालिकाका कर्मचारीबाट दैनिक रूपमा नियमित सरसफाइ हुँदै आएको छ । रानीमहलमा पुग्ने महिला, पुरुषहरूका लागि छुट्टै शौचालय, नि:शुल्क वाईफाई, युरोगार्डको पिउने पानी, पानीका फोहोरा, फुल बगैंचासहित आवश्यक पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ । नगरपालिकाले रानीमहल दरवार भित्र, राणा खड्ग शमशेर, रानी तेजकुमारीको आकर्षक तस्बिरसहित फोटो खिच्ने व्यवस्था, त्यति बेला प्रयोगमा ल्याएका सरसमान सहितको संग्रहालय सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पाण्डेले बताउनुभयो ।

रानीमहल दरबारमा तानसेन नगरपालिकाले नियमित रुममा तीनजना कर्मचारीहरू खटाउँदै आएको छ । नियमित सरसफाइदेखि, पर्यटकहरूको लागि टिकट व्यवस्थापन, हेरालु तथा मालीको रूपमा नगरपालिकाका कर्मचारीहरू खटिँदै आएका छन् । रानीमहलको स्तरउन्नती भएपछि दरबार अवलोकन गर्न जाने आन्तरिक तथा बाह्य पर्यटकहरू बढेका छन् । रानीमहलमा पर्यटकको संख्या वृद्धिसँगै होटल, रेष्टुराहरूको संख्यासमेत बढेको छ । तानसेनदेखि रानीमहल पुग्दा बाटो-बाटोमा नयाँ-नयाँ होटल रेष्टुराहरू सञ्चालनमा छन् । रानीमहल दरबारलाई अझै सुन्दर आर्कषक बनाउन आगामी वर्षमा रंगरोगन गर्ने, अन्य किसिमका पर्यटकीय पूर्वाधारहरू थप गर्ने तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताउनुभयो । रानीमहलसँगै श्रीनगर क्षेत्रलाई पनि व्यस्थित रूपमा आगामी वर्षदेखि सञ्चालन गर्ने तयारीमा जुटेको नगर प्रमुख श्रेष्ठले बताउनुभयो ।

रानीमहल नेपालकै प्रमुख पर्यटकीय गन्तव्यको रूपमा रहेको छ । रानी तेजकुमारीको निधनबाट विक्षिप्त बन्नुभएका खड्गशमशेरले उहाँकै सम्झनामा रानीमहल निर्माण गर्न लगाएको बताइन्छ । १९५० मा निर्माण सुरु भएको यो दरबार १९५५ पूरा भएको थियो । उत्तरमुखी कालीगंगा बगेको स्थान छानेर रानीमहल निर्माण गरिएको छ । भव्य संरचनायुक्त संसारका कुनै गन्तव्यभन्दा कम छैन रानीमहल । उत्तरमुखी गंगा खुट्टाले कुल्चिँदा पवित्र भइन्छ भन्ने मान्यतासहित सिँढी ओर्लिएर कालीगण्डकीसम्म पुग्ने गरी दरबार बनाइएको छ । नेपालको ताजमहल भनिने रानीमहललाई खड्गशमशेर र तेजकुमारीको अमर प्रेमको प्रतीकका रूपमा लिइन्छ । दरबारको भित्तामा जोडीको नाम लेख्दा प्रेम अमर रहन्छ भन्ने विश्वासले यहाँ पुग्ने जोडी दिगो प्रेमको कामना गर्छन् । कालीगण्डकी नदीको उत्तरतर्फ हानिएको मोडमा विशाल चट्टानमाथि रानीमहल निर्माण गरिएको छ । दरबारको बायाँतर्फ शीतलपाटी छ । दरबार परिसरमा ढुंगाबाट निर्मित आकर्षक पोखरी छ । शिव र गंगाका दुई मन्दिर पनि यहाँका आकर्षण हुन् । रानीमहल युनानी शैलीमा बेलायती इन्जिनियरको डिजाइनमा बनाइएको हो । रानीमहल तानसेनबाट १४ किलोमिटर उत्तरमा पर्छ । दुई घण्टा पैदल हिँडेपछि यहाँ पुग्न सकिन्छ ।

# बागलुङमा बलात्कारका घटना बढ्दो

## २१ महिनामा ३८ जना बलात्कृत

**डम्मर बुढा मगर/हिटा**

**बागलुङ, ८ असार**

बागलुङमा पछिल्लो समय बलात्कारको भयावह शृंखला देखिएको छ । २१ महिनामा ३८ बालिका तथा महिला बलात्कृत भएका छन् । बलात्कृत हुनेमा चार वर्षदेखि ५८ वर्षका महिला छन् । साउनदेखि हालसम्म २२ वटा बलात्कारका घटना भएका छन् । अधिकांश घटनामा नाबालिका तथा किशोरी परेका छन् ।

जिल्ला अदालत बागलुङको तथ्यांकअनुसार चालु आर्थिक वर्षको ११ महिनामा २२ बालिका तथा महिला बलात्कृत भएका छन् । उमेर समूहका हिसाबले हेर्ने हो भने १५ वर्षमुनिका नौजना बालिका र १३ जना १८ देखि ६० वर्षसम्मका महिला रहेका छन् । गत आर्थिक वर्ष २०७७/७८ को तथ्यांकलाई हेर्दा १५ वटा घटना भएका छन् । जिल्ला अदालत बागलुङका श्रेस्तेदार सूर्यप्रसाद भण्डारीका अनुसार गत आर्थिक वर्षमा १८ वर्षमुनिका नौ बालिका र २० देखि ५० वर्षका १३ महिला बलात्कृत भएका थिए ।

किन बढे बलात्कारका घटना ?

जिल्लामा बलात्कारका घटना बढ्ने कारणबारे कुनै निकायबाट खोजी भएको देखिँदैन । तर, प्रहरी अनुसन्धानले अभिभावक सचेत नहुनु, बढ्दो आधुनिकता, फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालको प्रयोग र हात-हातमा मोबाइल र इन्टरनेटलाई प्रमुख कारणका रूपमा लिइएको छ । मदिरा सेवन तथा अश्लील फिल्मलगायत सामग्री हेर्ने लत पनि अर्को कारक भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले बताउनुभयो ।

उहाँले बालिकाहरू विभिन्न प्रलोभन, धाकधम्कीमा परी बलात्कृत हुने गरेको भन्दै यसप्रति अभिभावक जिम्मेवार हुनुपर्ने बताउनुभयो । 'बालिकाहरूको कलिलो मष्तिस्क हुन्छ, उनीहरू खास गरी विभिन्न प्रलोभन, धाकधम्कीमा परी बलात्कृत भएको पाइन्छ,' प्रहरी नायब उपरीक्षक रानाले भन्नुभयो, 'आफ्ना बालबालिकाप्रति अभिभावक पनि जिम्मेवार बन्नुपर्छ, उनीहरूको गतिविधिका बारेमा सजग हुन जरूरी छ ।'

अधिवक्ता राम शर्माले बलात्कारका मुद्दाहरूमा कानुन कठोर बन्दै गएको र महिलाहरूले न्याय पाउन थालेपछि मुद्दाहरू बढिरहेको बताउनुभयो । उहाँले पहिले पनि समाजमा बलात्कारका घटनाहरू हुने तर त्यसलाई गाउँमै मिलाउने हुँदा मुद्दाको संख्या कम देखिएको बताउनुहुन्छ । 'बलात्कारका घटना पहिले हुँदै नभएका होइनन्, पहिले पनि बलात्कारका घटना हुन्थे तर ती सबै गाउँमै मिलाइन्थ्यो, अहिले बलात्कारका मुद्दाहरूमा कानुन कठोर बन्दै गएका छन्, महिलाहरूले न्याय सहजरूपमा पाइन्छ भन्ने बुझे,' अधिवक्ता शर्माले भन्नुभयो, 'अहिले केही मुद्दामात्रै गाउँमा मिलाउने कोसिस गर्छन्, धेरैजसो अदालतमा आउँदा बलात्कारका घटना बढेको पाइन्छ ।'

उहाँले पहिला महिलाहरू आफू बलात्कृत भए पनि समाजका कारण दबाएर राख्ने गरेको तर अहिले मुद्दा हाल्ने र न्यायालयसम्म पुग्नेक्रम बढ्न थालेपछि बलात्कारका घटना बढेको बताउनुभयो । शर्माले भन्नुहुन्छ, 'पहिला महिला पटक-पटक बलात्कृत हुँदा पनि समाजका कारण दबाएर बस्थे, अहिले उनीहरू सचेत भएका छन्, अदालत जानुपर्छ, न्याय पाउनुपर्छ भन्ने सोचको विकास भएको छ, त्यसले गर्दा पनि बलात्कारका मुद्दा बढी भएका हुन् ।' जिल्ला अदालत बागलुङका श्रेस्तेदार सूर्यप्रसाद भण्डारीले नागरिकको न्यायालयप्रति विश्वास बढ्दै गएको र उनीहरूको चेतनास्तर बढेको हुँदा बलात्कारका घटना बढी हुने गरेको बताउनुहुन्छ । भण्डारीले सामाजिक सञ्जालको बढ्दो प्रयोग र बेरोजगारका कारण यौनजन्य घटनाहरू हुने गरेको बताउनुभयो ।

महिलाहरू शिक्षित र आफ्नो हक अधिकारप्रति जागरूक हुँदा बलात्कारका घटनाहरू बाहिर आई मुद्दा बढेको उहाँको भनाइ छ । बलात्कारका घटना बढ्नुमा यससम्बन्धी नयाँ कानुन निर्माण हुनु पनि कारण रहेको भण्डारीले बताउनुभयो । 'अहिले महिलाहरूमा चेतनावृद्धि भएको छ, त्यसले गर्दा पनि उनीहरू दबाबमा र अन्यायमा परेर बस्न सक्दैनन्, आफूमाथि अन्याय भएको महसुस भयो भने न्यायालय आइहाल्ने गरेको पाइन्छ,' उहाँले भन्नुभयो, 'अर्को कुरा न्यायालय गएपछि न्याय पाइन्छ भन्ने छ, त्यसले गर्दा पनि मुद्दाहरू बढेको पाइन्छ ।'

**Office of Rural Municipal Executive**
**Kaligandaki Rural Municipality**
**Syangja, Gandaki Province**

**Re-Invitation for Bid**

**Second Date of Publication : 2079/03/09 ( June 23, 2022)**

Kaligandaki Rural Municipality, Syangja re- invites electronic bids from eligible bidders for **Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality** under National Competitive Bidding –**Single Stage Two Envelop Bidding Procedure.**

| S.N. | Contract No. | Description of Works | Bid Security Amount (NRs) | Minimum Criteria | Bid Fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/HP/06/078/079 | Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality | 52,00,000 | Min Turnover: Nrs 16,50,00,000<br>Similar Nature: Nrs 12,75,00,000 | 10,000 |

**Information for Bid Security:**

**Bank Name: Prime Commercial Bank (Kaligandaki Branch)**

**Account No & Name: 06700202CA (Kaligandaki Gaunpalika Dharauti Khata), Kaligandaki Rural Municipality**

1. Electronic Bids must be submitted on or before 12:00hrs on 2079/03/24 and electronically opened at 13:00hrs on 2079/03/24 at the office.
2. A Complete set of bidding documents can be downloaded from PPMO web Portal **https://bolpatra.gov.np/egp**

**Chief Administrative Officer**